हाम्रो प्रजाशक्ति

गान्तोक, वर्ष १८, अङ्क १२८, ११ जुलाई, २०१७
विक्रम संवत् २०७४, असार २७ गते, मंगलवार

## भारत-चीनबीच चर्किँदै गएको सीमा विवाद

वर्ष १९६२–को युद्धको साथमा यसै पनि भारत अनि चीन देशबीचको सम्बन्धमा कुनै सुधार आएको छैन भने गत १६ जूनदेखि शुरु भएको भारत–चीन सीमा विवादले दुई देशको सम्बन्धलाई अझै जटिल बनाइरहेको प्रकाशमा आएको छ। यद्यपि, दुई देशबीचको विसङ्गतिपूर्ण स्थितिमा पनि गत ७ जुलाईको दिन जर्मनीको हेम्बर्गमा चीनका राष्ट्रपति शी जिङपिङ अनि भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको भेट हुनु एउटा राम्रो संयोग ठान्नुपर्दछ। जर्मनीको हेम्बर्गमा आयोजित जी २० सम्मेलनमा भाग लिन पुगेका प्रधानमन्त्री मोदी अनि राष्ट्रपति जिङपिङबीच अनौपचारिक रूपमा भए पनि परस्पर भेट भएको र अल्प समयसम्म मात्र चलेको वार्तालापमा सौहार्दपूर्ण वातावरणमा कतिपय अहम मुद्दामाथि बात भएको बताइएको छ, जसमा प्रधानमन्त्री मोदीले चीनमा आयोजन गरिने आगामी ब्रिक्स शिखर सम्मेलनमा भरपुर सहयोग दिने वचन दिएका छन् भने राष्ट्रपति शी जिङपिङले पनि प्रधानमन्त्री मोदीको प्रशंसा गरेको प्रकाशमा आएको छ। तर भारतले चीनले गरेको प्रशंसामाथि ध्यान दिन आवश्यक छ। किनकि वर्ष १९६२–मा चीनले 'चीनी हिन्दी भाइ–भाइ' भन्दै भारतविरुद्ध अचानक युद्ध छेड़ेको थियो, जसमा भारतले धेरै क्षति वहन गर्नु परेको इतिहास साक्षी छ।

हेम्बर्गमा भारतका प्रधानमन्त्री अनि चीनका राष्ट्रपतिबीच भेटवार्ता भए पनि यता चीन–भारत सीमा विवादले उत्पन्न गतिरोधा भने कुनै सुधार आएको देखिएको छैन। भूटानको डोकलाम क्षेत्रमा चीनद्वारा सड़क निर्माण गरेको विषयलाई लिएर भारत अनि चिनियाँ सेनाबीच जारी गतिरोध यथावत रहेको एक महिना भइसकेको छ तापनि अहिलेसम्म कुनै कुटनीतिक समाधानको उपाय प्रकाशमा आएको छैन। परिणामस्वरूप एसियाका दुई महाशक्तिबीच तनाउ बढ्दै गइरहेको छ, जो दुवै देशको निम्ति हानिकारक बन्दैन भन्न सकिन्न।

चीनको पक्षबाट भनिएको छ कि डोकलामको घटनाको कारण द्विपक्षीय वार्ताको निम्ति आवश्यक राजनीतिक विश्वसनीयता क्षीण भएको छ। चीनको विदेश मन्त्रालय अनुसार चीनले निर्दिष्ट गरेको २ हजार मीटर क्षेत्रमा भारतीय सेनाले अनाधिकारी अतिक्रमण गरेको छ। तर भूटानको डोकलाममा चीनी सेनाद्वारा सड़क निर्माण कार्य शुरु गरेकोमा भूटानद्वारा यसको विरोध गरिएको छ अनि भूटानलाई भारतीय सेनाको सहयोग प्राप्त भएको छ।

भूटान सरकारले चीनी सेनाको यस प्रकारको व्यवहारलाई दुवै देशबीच भएको वर्ष १९९८ –को सम्झौताको सरासर उलङ्घन बताएको छ, जसलाई भूटानको पक्षमा सही ठान्न सकिन्छ अनि भारतले हस्तक्षेप गर्नुको मुख्य कारण पनि यही नै हो भन्न सकिन्छ। यदि चीनी सेना डोकलाम क्षेत्रबाट भित्रसम्म पुग्यो भने यो भारतको सम्प्रभुताको सन्दर्भमा ठूलो खतरा बन्न सक्छ।

पश्चिम बंगाल अनि पूर्वोत्तर राज्यको शेष भागलाई जोडने सिक्किम यस प्रकार सोझै चीनी सेनाको निशानामा आउन सक्छ। यस प्रकार भूटान र भारतीय सिमानामा चीनी सेनाको अतिक्रमणको कारण सिक्किम अनि भूटान जोखिममा पर्ने स्थितिमा देखिन्छ औ यसमाथि भारतीय सुरक्षा मन्त्रालयले तीखो नजर राख्न आवश्यक देखिन्छ। यसका साथै अहिले स्थिति अझै उग्र र दुष्परिणाममा परिणत नहोस् भन्ने उद्देश्य लिएर चीन अनि भारत दुवै देश आ–आफ्नो सेनालाई निर्देशित गर्ने दिशामा खुबै सावधान र सतर्क रहन आवश्यक छ साथै गतिरोधलाई कसरी समाप्त गर्ने औ सामान्य स्थिति बहाल गर्ने भन्ने अहिले प्रखर बन्दै गएको प्रश्नमाथि पनि दुवै देशले ध्यान आकृष्ट गर्न जरूरी छ।

# बंगालको दिदीगिरी माथि सिक्किमको बयान



❍ वीरेन्द्र तामलिङ हि गाउँ, सिक्किम

गोर्खाल्याण्डको आन्दोलनको निहुँ बनाएर अथवा विरोधमा उत्तर बंगालको सिलगढ़ीमा बंगाली समुदायको बाहुल्य जनसंख्या भएको ठाउँमा दार्जीलिङ अनि सिक्किमका नेपाली/गोर्खाली समुदायहरू असुरक्षित छन्। सिक्किमको खाद्यान्न सामग्री ढुवानी गर्ने ठूला वाहनहरूदेखि लिएर ट्याक्सी गाड़ीसमेतलाई तोड़फोड़ गर्ने अनि प्यासन्जरहरूसमेतलाई कुटपिट अनि बेइज्जतसम्म भइरहेको छ। यतिसम्म कि पहाड़मा घर ल्याउनु बोकेको दुई केजी आँपसमेत पुलिसले खोसाएर फ्याकेको छ, सिलगढ़ीको पुलिस अहिले तृणमूल कंग्रेसको युथ भएको छ। खाद्यान्न सामग्री सिलगढ़ीबाट ल्याउनु वञ्चित गरेको छ। घर बनाउने सामग्री रड, सिमेन्ट, ईंटा इत्यादि ल्याउँदैछ तर मौका छोपेर हार्डवेयर व्यापारीले यसमा नाफा खाँदैछ।

सरकारी खाद्यान्न गोदामहरू रित्तै हुँदैछन्। सागसब्जीको अभाव बढ्दैछ। जैविक राज्यमा जैविक सब्जीको दुःख छ, एक हप्ता थाम्नु मुश्किल छ। 'नानीहरूको स्कूल लाग्ने समय भयो अब के गर्ने?' भन्नेमा अभिभावकहरुको सोचाई भइरहेको छ। जनतालाई दुःख हुँदैछ तर सरकार बयानवाजी गरेर कानमा तेल हालेर सुतेको छ। स्वास्थ्य सेवादेखि लिएर सबैमाथि सिलगढ़ी अनि राष्ट्रिय राजमार्ग -१० मा भर पर्नु पर्ने अवस्था छ। सिक्किम भारत देशमा गाभिएको ४२ वर्षमा पनि सिक्किमले एउटा वैकल्पिक मार्गसमेत बनाउनु नसक्नु सिक्किमे नागरिकहरूको निम्ति ठूलो विडम्बना अनि दुर्भाग्यपूर्ण कुरा रहेको छ। यसै विषयलाई लिएर सिक्किमको मुख्य विपक्षी दल सिक्किम क्रान्तिकारी मोर्चा पार्टीको शिष्ट मण्डलीले हिजो सिक्किमको महामहिम राज्यपाल श्रीनिवास पाटिललाई भेट गरेर याददास्त पत्र चढ़ाएको छ। यसैलाई उदधृत गर्दै सिक्किम एक्सप्रेसले यसरी लेखेको छ, 'The Sikkim government has totally failed to tackle such grievous situations where by the state and its people are subjected to extreme difficulty.'

> **सरकारी खाद्यान्नका गोदामहरू रित्तै हुँदैछन्। सागसब्जीको अभाव बढ्दैछ। जैविक राज्यमा जैविक सब्जीको दुःख छ; एक हप्ता थाम्नु मुश्किल छ। 'नानीहरूको स्कूल लाग्ने समय भयो, अब के गर्ने?' भन्नेमा अभिभावकहरुको सोचाई भइरहेको छ। जनतालाई दुःख हुँदैछ तर सरकार बयानवाजी गरेर कानमा तेल हालेर सुतेको छ। स्वास्थ्य सेवादेखि लिएर सबैमा सिलगढ़ी अनि राष्ट्रिय राजमार्ग १० मै भर पर्नु पर्ने अवस्था छ।**

अहिले हाम्रो देश अनि छिमेकी देश चीनको सम्बन्ध राम्रो छैन। सिमाना विवाद, सीमा क्षेत्रमा चीनबाट सड़क निर्माण इत्यादिमा शुरु भएको आपसी मतभेद अहिले आएर चीनले सिक्किम स्वतन्त्र हुनुपर्छ भन्ने कुरा लिएर चाइनिस डेली लेख्छ 'Beijing will back Sikkim ' independence' if New Delhi doesn't stop regional hegemony', says Chinese daily. फेरि लेख्छ : Although China recognised India's annexation of Sikkim in 2003, it can readjust its stance on the matter , the daily said.'

नेपाली अनलाइन पेपर (नयाँ बाटो, ७ जुलाई २०१७)-ले लेख्छ, 'भारतबाट सिक्किमलाई स्वतन्त्र गराउन चीनले सघाउने, अब के गर्ला भारतले?' एक रिपोर्ट यसरी नै (INSIST POST, JULY 2017) नवीन खंतवाल लेख्नुहुन्छ, 'इसी मुद्दे को लेकर चीन के अखबार में खबर छपी है, अखबार में लिखा गया है कि चीन को सिक्किम की नीति के बारे में दोवारा सोचना चाहिए। यसै बिच सिक्किमका मुख्यमन्त्री पवन चामलिङले दक्षिण सिक्किमको चिसोपानीमा एउटा शिक्षण संस्थानको आधारशीला राख्दै यस्तो बयानवाजी गर्नुहुन्छ, 'बंगाल र चीनबीच स्यान्डवीच हुन सिक्किमलाई भारतमा गाभेको होइनौं' (हाम्रो प्रजाशक्ति, ६ जुलाई २०१७) अनि ६ जुलाईका दिन हिन्दुस्थान टाइम्स-ले यस्तो लेखेको छ, 'Sikkim did not merge with India to became a sandwich between China and Bengal:' CM Pawan Chamling . सिक्किमका मुख्यमन्त्रीबाट सत्ता सम्हालेको २३ वर्षवाद एउटा ठूलो बयान आएको छ। हुन ता आफ्नो राज्यको नागरिकलाई अन्याय भइरहेको छ। आपदमा परेकोछ, केही राहत दिलाउन, केन्द्रलाई घुर्की देखाउन या यो समस्यालाई उहाँबाट सम्हाल्नु नसक्ने संकेतमा यो बयानवाजी गरेको पनि हुनु सक्छ तर हाम्रो देश र छिमेकी देश चीनको सम्बन्धमा तनाव रहेको समयमा यस्तो बयानले उल्टा अर्थ लाग्नु सक्छ, यहाँ भारतसँग सिक्किमको विलयको प्रसंग उठेको छ, दुई देशको सम्बन्धमा आगोको भुङ्ग्रोमा तेल लगाएजस्तो हुनु सक्ने बुद्धिजीवीहरूको भनाई रहेको छ।

यस (INSIST POST, JULY 2017)-मा नवीन खंतवाल लेख्नु हुन्छ, 'चीन से बढ़ते तनाव के बीच सिक्किम के सीएम के बयान से चिंता में पड़ा भारत।' यस्तै प्रकारले गत ७ जुलाईका दिन पश्चिम सिक्किम गेजिङमा जनता मेलाको अवसरमा गोर्खाल्याण्ड आन्दोलन अवधि पछिल्लो ३२ वर्षमा सिक्किमका ५,००० गाड़ी तोड़फोड़ गरिएको, ५० जना सिक्किमका मानिस मारिएको अनि ६०,००० करोड़ रुपियाँको आर्थिक घाटा सिक्किमले बिहोर्नु परेको मुख्यमन्त्रीले दोहोराए। ६० हजार करोड़को भरपाईका लागि सर्वोच्च न्यायालयमा जाने मुख्यमन्त्रीले पुनः अवगत गराए, (हाम्रो प्रजाशक्ति, ८ जुलाई २०१७)। गोर्खाहरूको वासभूमिको निम्ति गोर्खाल्याण्ड संवैधानिक माग हो यसमा सिक्किमको सबैपक्षबाट समर्थन रहेको छ तर यस बयानले के हामी सिक्किमे साँचै नै इमानदारपूर्वक गोर्खाल्याण्डको समर्थनको पक्षमा छौं भन्ने प्रश्न उठने गर्छ, गोर्खाल्याण्ड आन्दोलनको कारण रुपियाँ ६० हजार करोड़ सिक्किमलाई आर्थिक घाटा पक्कै भएको सिक्किम सरकारकोमा पुख्ता सबुत भएमा यो सिक्किमेहरूको निम्ति ठूलो रकम हो।

यस विषयमा पश्चिम बंगाल सरकारसँग सिक्किम सरकारले कतिपल्ट प्रशासनिक वार्ता गऱ्यो? यस विषयमा सिक्किम सरकारले स्वेतपत्र किन जारी गरेन? योभन्दा अघि यो कुरा किन निस्किएन? ५,००० गाड़ी तोड़फोड़ हुनु भनेको सिक्किमको निम्ति धेरै ठूलो कुरा हो अनि ५० जना सिक्किमका मानिस मारिनु भनेको पनि ठूलै कुरा हो तर मुख्यमन्त्रीले कुन आधार अनि हिसाबमा यस्तो वक्तव्य पश्चिम सिक्किमको सुदूरवर्ती गाउँमा गएर दिनु भयो यो चर्चाको विषय हो। बंगाल सरकारलाई ६० हजार करोड़ भरपाईको निम्ति सर्वोच्च न्यायालय जानु समय लाग्नेछ बरु सिक्किमलाई तत्काल राहतको निम्ति बंगाल सरकार अनि केन्द्र सरकारसँग कूटनैतिक वार्ता गरेर यो समस्यालाई निकास दिनु बुद्धिमानी काम हुनेछ।

# आँखाभरि बसेको हिमाली राज्य सिक्किम

**सिक्किममा स्नेह छ, शान्त छ। स्नेह पवन छ। स्नेह भ्रान्त छ। स्नेह एक अवस्थामा शान्त बन्छ अर्को अवस्थामा पवन बन्छ। जे होस, यस्तो अवस्थाको सामना गर्न एउटै संसाधनको बाहुल्य रहन पर्दछ– दृढ़ सङ्कल्प। दृढ़ सङ्कल्पलाई जहाँ समर्पित साधना गरिन्छ, त्यहाँ अभाव र ग्रस्त परिस्थितिले छुन सक्दैन।**

❒ समीर सिंह सिलगढ़ी

हिमालको विराट आलिङ्गनभित्र रहेका हिन्दू र बौद्ध धर्मको संस्कृतिको पुरातलमा अड़ेको सर्वोच्च स्थानमा स्थित तालदेखि माथि, तल ओल्टेकोल्टे गर्दै बग्ने विदित-अविदित एवं रहस्यमय हिमाली राज्य सिक्किम। हिमाल र सिक्किम विश्वका लागि पर्यायवाची शब्दजस्तै भएका कारण यो देशी-विदेशी पर्यटकहरूका लागि अत्यन्त्य आकर्षक राज्य बनेका छन्।

पहाड़ैको काखैकाखमा बगेका टिस्टा र रङ्गीत नदीको लहर लहरले प्राकृतिक सौन्दर्य अपार छ। बिहान सुनको र रातमा हीराको जलब पार्ने हिमाच्छादित उच्च मनमोहक हिमाल, चारैतिर रमणीय दृश्यहरू प्रस्तुत गरिरहेका हुन्छन्। माथि माथि लेकमा हिउँ परेको, हिउँ जमेको र हिउँ फुटेर नदी बनेको दर्शनीय कुरा कति छन् कति।

पक्षीहरूका बथान बथान दुगुरेको। निलो, पहेंलो सेतो, रातो अनि मसिना लेकाली फूलहरू हिउँले आधा मात्र छोपिएको देखिएका साना बिरुवाहरू त्यस्तै हिउँले नुहाएका फल र आरूका बोटहरू अझ हिउँले आफैले खापी खापी हराएका सानानिता खोलानालाहरू।

जड़ीबुटीका असंख्य भण्डार तथा गाउँ बेंसीमा फापर फुलेका रङ्गीन फाँटहरू। विशेष गरी सिक्किमको माथिल्लो भागतिर पनि हाम्रो छोटो जिन्दगीलाई पुग्ने धेरै धेरै कुरा छन्। हो, मान्छेले उमारेका कमजोरीहरू हिमालयको छातीमा थुप्रै होलान् तर हिमालको रहस्य र भव्यता कालन्तरसम्म रहिरहने छ।

प्रशासनिक तथा सामाजकि पृष्ठभूमिमा सिक्किमको रुप यति उच्च छ। त्यसमाथि पनि प्राकृतिक र सांस्कृति भाव भूमिभित्र यसको स्वरुप उल्लेखनीय बन्छ। भारत देशका सबै राज्यमा खण्ड खण्डभित्र थरीथरीका विशेषता छन्। पूर्व-पश्चिम, मध्य पहाड़ र समथर भूमिमा दिनसक्ने र लिन सक्ने कुरा अनेकन छन्। टिप्न खोज्नेले केही टिपेका र साँचेका पनि छन्।

हिमालय एवं पहाड़ हाम्रो भावनात्मक विश्व र वित्त हो। यसका वरिपरि इतिहास, पुर्ख्यौली गाथा र राष्ट्रिय जीवनका विविध प्रतीक साँचिएर रहेका छन्। प्रत्यक्ष रुपमा यो सांस्कृति वैभव अर्को अर्थमा रहस्यमय आलोक र आकर्षण शिरविन्दु पनि। यसलाई पन्छाएर हामी हुन्नौं र देखिन्नौं। यद्यपि हाम्रो खोजी जीवनधारा, चिन्तन र प्रयोग आधुनिक नहोला तर पनि यो व्यवहारसँग बाँधिएको जीवनधारा यसलाई तौलिने तराजु छैन। अमूल्य छ।

सिक्किमसम्बन्धी धारणा र जिज्ञासा राख्नमा यसको खोज र आकर्षण बढ़ाउनलाई धेरै कुराले साथ दिएका छन्। कतिपय कुरा भावनाले हेरिन्छ र बुझिन्छ। आफ्नो शिरमाथिको आकासलाई विश्व सम्झने व्यक्ति पर्यटकहरूका लागि ता यो कता हो कताको कथा नै हुन पुग्ने स्वाभाविक विषय नै भयो।

स्वयं सिक्किम राज्यले पनि धेरै समय आफुलाई पृथक एवं अज्ञात प्रदेशका रुपमा छिपाइरह्यो तर एसडीएफ सरकारको कुशल प्रशासन माध्यमबाट यस सिक्किम राज्यको आकर्षक विश्वव्यापी बनेको छ।

पृथ्वी हाम्रो जीवनको आधारभूत आश्रयस्थल हो। अन्तरिक्ष उड़ान भरेर पनि मानिस फर्कन्छ, यसै धरतीमा। धरती जसको आश्रय नै जीवन जगतको आश्रय बनेको छ। यस धरतीको पूजा धरतीले धारण गर्नपर्ने पर्यावरणको संरक्षण नै धरतीप्रतिको श्रद्धा पूजा हो। यो कृतज्ञता गुण गृहितको परिचय हो।

उर्वर भूमिको उद्धार चरित्र विकास आत्मसात गर्ने चेष्टाको सङ्कल्प सिद्धिका लागि अभिन्दन पनि ता हो पर्यावरण संरक्षण - एउटा पूजाजस्तै।

प्रत्येक हेमन्तमा झरेर शिशिरमा नाङ्गै शीत खपेर वसन्तमा शुभ्रा मुना पलाउने स्वाभव सवरण गरेको छ सिक्किमको जन्मभूमिले।

**'जननी जन्मभूमीश्च स्वर्गदपि गरीयसी।'** आज सिक्किम सरकार भावमा अटल रही आफु जन्मेको, हुर्केको ठाउँको गरिमा गाउनु यस राज्य माथिको अपार श्रद्धाजनक अभिव्यक्ति बन्छ। असन्दिग्ध समर्पण र सङ्कल्पको माला उनेर जीवन जगतको जय जयकार गर्न सदा उद्यत महामानवलाई ईश्वरीय गुण शक्ति रुप माग्नु सिक्किमलाई विकास साधनाको गुरुत्वकार्षण भन्नुपर्नेछ।

**'सर्वे भद्राणि पश्यतु, सर्वे सन्तु निरामय।'** आफ्नो राज्यका प्रत्येक प्राणीलाई कल्याण देख्न पाउनु, निर्दोष, निरोगी रहनु, जीव र समाजप्रतिको आस्थावन् यस उद्गारभित्र सिङ्गो स्नेह सागर उर्लन्छ।

सिक्किममा स्नेह छ, शान्त छ। स्नेह पवन छ। स्नेह भ्रान्त छ। स्नेह एक अवस्थामा शान्त बन्छ अर्को अवस्थामा पवन बन्छ। जे होस, यस्तो अवस्थाको सामना गर्न एउटै संसाधनको बाहुल्य रहन पर्दछ- दृढ़ सङ्कल्प। दृढ़ सङ्कल्पलाई जहाँ समर्पित साधना गरिन्छ, त्यहाँ अभाव र ग्रस्त परिस्थितिले छुन सक्दैन।

आजको परिवेश हेरूँ, समर्पित सङ्कल्प खियाएर नै विकासको संरचनाका रेखा कोरेथ्यो। सृजनाको मुहूर्त थालेथ्यो। यस्ता विज्ञान सम्मत सांस्कृति परिशीलन आज देशमा सिक्किम सरकारले गरिरहेको देख्न पाइन्छ।

उद्यम समुदाय र वर्गहरूमा किसान र वर्गीय समुदायहरू नै अग्रणी रहेका छन्। राज्यको निम्ति। लामा गुरुहरूको धार्मिक प्रभाव गुम्बा संस्कृतिमाथिको समर्पण र आस्थाको नियमित वृत्तभित्र युगान्तरदेखि घुमिरहेको भए पनि हिन्दू धर्मको पनि उत्तिकै आस्था र समर्पण छ। नाम्ची शहरको **'चारधाम'** मन्दिर भारतमा प्रसिद्ध बनिरहेको छ। शैक्षिक जागरणको चेतना एवं जनजीवनको चेतना पनि द्रुत गतिमा बढ़िरहेको पाइन्छ। पहाड़ै पहाड़को उच्च सिक्किम भूमिभित्रका अनेक चाड़पर्व विज्ञान सम्मत संस्कृति वरण गर्छ। पर्यावरणभित्रका पहाड़ र पहाड़भित्रका पर्यावरण जोगाउन सिक्किम सरकार विकासमूलक छ। पुर्खाले पर्यावरणीय संरक्षणको महिमा बोध गर्न सकेर नै आज सिक्किम सरकार राष्ट्रका दौतरीहरूसित लैबरीले प्रथम स्थानमा भाका हाल्न सक्षम छ।

अन्त्यमा एउटा कुराको लोभ संवरण गर्न मैले सक्नैपर्छ। सिक्किमको कलाकारिता र समर्पित आचार संहिता श्रद्धाको नापो छैन। यो निरन्तर, निश्चित र नियमित चलिरहने महाप्रबन्ध त्यसमा एक इन्च यताउति हुँदैन। सिक्किम एउटा सुन्दर हिमाली राज्य। आफ्नो विशेष अनुभव बटुली, आँखाभरि बसेको सिक्किम राज्यप्रति यो लेख लेखेर पवित्र राज्यप्रति एउटा ईंटा थपिने काम मात्र गरेको हुँ।

**'संरक्षण गरौं माटो, जङ्गल, पानी**
**तब बन्छ सिक्किम पर्वतकी रानी।**

-०-०-०-

लेख तथा रचना आदि पठाउने
'हाम्रो प्रजाशक्ति' सिलगढ़ी कार्यालयको टुङ्गो
हाम्रो प्रजाशक्ति, गुरुङ बस्ती बजार (प्रधान नगर)
पूजा मेडिकल हलको माथिल्लोपट्टि
सिलगढ़ी- ७३४००३
ई-मेलः hamropraja.slg@gmail.com
☎ 9832684683